२०८१/१०/१२
सचिव

**स्नातक/स्नाकोतर तहमा अध्ययनरत विद्यार्थीहरुको लागि शोधपत्र प्रस्ताव आवेदन सम्बन्धी सूचना**

**प्रथम पटक (१५ दिने) मन्त्रालयको वेवसाइटमा प्रकाशित मिति २०८१/१०/१३**

यस मन्त्रालयको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत शोधपत्र अनुसन्धानका लागि स्नातक तथा स्नातकोत्तर तहका बिद्यार्थीहरुलाई thesis grant सहयोग गर्ने कार्यक्रम रहेकोले यस मन्त्रालयको कार्यक्षेत्र (कर्णाली प्रदेश) को संरक्षण र व्यवस्थापनमा सहयोग पुग्ने गरी इच्छुक विधार्थीका लागि शोध अनुसन्धानमा सहयोग पुर्याउने उद्देश्यले **"शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७५ (संसोधित)"** बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

इच्छुक आवेदनकर्ताले मिति २०८१/१०/२७ आइतवार भित्र Email (moitfe@karnali.gov.np) मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सूचित गरिन्छ। साथै शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धि छनौट सम्बन्धी कार्यविधि २०७५(संसोधित) http://moitfe.karnali.gov.np मा रहेको व्यहोरा अनुरोध छ।

**शोधपत्रको लागि विषय बस्तुहरु:** प्राकृतिक श्रोत व्यस्थापन, पर्यापर्यटन, जलवायु परिवर्तन र वातावरण सम्बन्धी, भू तथा जलाधार सम्बन्धी, उधोग विकास तथा व्यवस्थापन सम्बन्धी (थप विवरणको लागि शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धि छनौट सम्बन्धी कार्यविधि २०७५(संसोधित) हेर्नु हुन अनुरोध छ ।

**आवश्यक कागजातहरु:**

क) अनुसूची १ बमोजिमको मान्यता प्राप्त विश्वविद्यालयबाट स्नाकोत्तर वा स्नातक तहमा अध्ययनरत विद्यार्थी हुनुपर्नेछ ।

ख) शोधपत्र सम्बन्धी अध्ययन तथा अनुसन्धान क्षेत्र कर्णाली प्रदेश हुनुपर्नेछ ।

ग) अध्ययनरत क्याम्पसको शोधपत्रको शिर्षक र अध्ययन क्षेत्र सहितको सिफारिश पत्र ।

घ) व्यक्तिगत विवरण ।

ङ) आवेदनकर्तालि अनुसुचि २ मा तोकिएको आवेदन फारम भरी सुचनामा उल्लेख भए अनुसारको ढाँचामा अनुसन्धान प्रस्ताव पेश गर्नु पर्नेछ ।

च) अनुसन्धान प्रस्तावको ढाँचा अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ।

सचिव